COLUMBUS CITY SCHOOLS

**शिक्षण तथा सिकाइको कार्यालय (अफिस अफ टिचिङ एण्ड लर्निङ)**
**प्रारम्भिक बाल शिक्षा विभाग (डिविजन अफ अर्लि चाइल्ड्वुड एड्केसन)**
3700 South High Street
Columbus, OH 43207
Ph. 614.365.5822
Fax 614.365.5163

*Mission: Each student is highly educated, prepared for leadership and service, and empowered for success as a citizen in a global community.*

जनवरी ३, २०२४

आदरणीय परिवारहरू,

नयाँ बर्षको शुभकामना! यस स्कूल वर्षमा हामीलाई तपाँई र तपाँईका बच्चाको सेवा गर्न अनुमति दिनुभएकोमा म तपाँईलाई धन्यवाद दिन चहान्छु। अर्ली चाइल्डवुड एडुकेशन विभागका कर्मचारीहरूले २०२४-२०२५ स्कूल वर्षकालागि किन्डर्गार्टेनमा सरुवा हुँदा तपाँई र तपाँईको बच्चालाई सहयोग गर्न आवश्यक जानकारीहरू चाहिन्छ भनी सुनिश्चित गर्न लगनशीलताकासाथ काम गरिरहेका छन्।

तपाँईका बच्चाको शैक्षिक यात्रामा अर्को चरण लिनलाई तयार हुन मद्दत गर्नकालागि कृपया यहाँ संलग्न गरिएका जानकारीहरू हेर्नुहोस्। यदि तपाँईसँग किन्डर्गार्टेनका बारेमा कुनै प्रश्न वा जिज्ञासा छ भने कृपया तपाँईको बच्चाका शिक्षकसंग कुराकानी गर्नुहोस्।

भवदीय,

डा. टेरा ए बेकर (Dr. Terra A Baker)
अर्ली चाइल्ड्वुड एडुकेशन निर्देशक (Director of Early Childhood Education)

The Columbus City School District does not discriminate because of race, color, national origin, religion, sex or handicap with regard to admission, access, treatment or employment. This policy is applicable in all district programs and activities.

**Copy of ECE welcome Transition letter 2024 (Nepali)**

शिक्षण तथा सिकाइको कार्यालय (अफिस अफ टिचिङ एण्ड लर्निङ)
प्रारम्भिक बाल शिक्षा विभाग (डिविजन अफ अर्लि चाइल्ड्वुड एडुकेसन)
केन्द्रीय भर्ना केन्द्र
430 Cleveland Avenue
Columbus, OH 43215
Ph. 614.365.5822
Fax 614.365.8749

*Mission: Each student is highly educated, prepared for leadership and service, and empowered for success as a citizen in a global community.*

# कलम्बस सिटी स्कूल्सकालागि भर्नाका विकल्पहरू
# पृ-केका विद्यार्थीहरू किन्डर्गार्टेनमा परिवर्तन हुँदै

**यदि तपाँईको बच्चा हाल पृ-के मा उपस्थित हुन्छ भने:**
तपाँईले किन्डर्गार्टेनकालागि पुन: भर्ना गर्न आवश्यक छैन। सबै विद्यार्थीहरू स्वचालित रूपमा किन्डरगार्टेनकालागि उनीहरूको घरको ठेगानामा आधरित गृह स्कूलमा भर्ना हुनेछन्। यसमा हालै लट्री छनौट मार्फत स्कूलमा भर्ना भएका विद्यार्थीहरू पनि समावेश हुन्छन्। तपाँईको गृह स्कूल आफ्नो घरको ठेगानामा आधारित हुनेछ। यदि तपाँई यो स्कूल वर्षमा सर्नुभएको छ भने, कृपया तपाँईले प्यारेन्ट पोर्टल मार्फत आफ्नो ठेगानालाई वार्षिक अद्यावधि गर्न निश्चित गर्नुहोस्। यदि तपाँई आफ्नो गृह स्कूलका बारेमा निश्चित हुनुहुन्न भने तपाँईले कलम्बस सिटी स्कूल्स डिस्ट्रिक्टको स्कूल लोकेटरको यो वेब्साइट: https://www.ccsoh.us/Page/6288 मार्फत पत्ता लगाउन सक्नुहुन्छ।

## यदि तपाँईको बच्चा हालै पृ-के मा उपस्थित छ र तपाँई ठेगाना अनुसार उनीहरूको गृह स्कूल बाहेक अन्य स्कूलमा पठाँउन चहानुहुन्छ भने:

तपाँईले इन्फिनाइट क्याम्पस प्यारेन्ट पोर्टल मार्फत विभिन्न स्कूलकालागि लट्री आवेदन पूरा गर्न सक्नुहुन्छ। लट्री आवेदन बुझाउने समय सीमा अवधि (फेब्रुअरी १ तारिक देखि मार्च २९ तारिक) सम्ममा अनलाइन मार्फत आवेदन पूरा गर्न सकिन्छ।

यदि तपाँईलाई प्यारेन्ट पोर्टल खाता बनाउन वा सेटअप गर्नकालागि तपाँईलाई पहुँच कोड चाहिन्छ भने, तपाँईले आफ्नो (आईडी) फोटो  सहितको परिचय पत्र, तपाँईका बच्चाको नाम र जन्म मिति सहित यो इमेल: parentportalaccess@columbus.k12.oh.us मार्फत इमेल गर्न सक्नुहुन्छ।

Rev. 1/24

The Columbus City School District does not discriminate because of race, color, national origin, religion, sex or handicap with regard to admission, access, treatment or employment. This policy is applicable in all district programs and activities.

Office of Teaching and Learning

**Division of Early Childhood Education**

(शिक्षण तथा सिकाइको कार्यालय (अफिस अफ टिचिङ एण्ड लर्निङ)

**प्रारम्भिक बाल शिक्षा विभाग (डिविजन अफ अर्लि चाइल्ड्वुड एड्डुकेसन)**



# २०२४ सालमा किन्डरगार्टेनकालागि भर्ना गरिने मितिहरू

केन्द्रीय भर्ना केन्द्रमा व्यक्ति नै उपस्थित भइ गरिने भर्ना प्रक्रिय पूरा गर्न नियुक्ति (अपोइन्टमेन्ट) नलिइकन परिवारहरूले २०२४-२०२५ कालागि Online Registration (अनलाइन दर्ता) पूरा गर्नैपर्छ।

**जनवरी ३, २०२४** किन्डरगार्टेनदेखि कक्षा १२ सम्मकालागि अनलाइन मार्फत दर्ता खुल्छ

**फेब्रुअरी १ देखि मार्च २९ सम्म** एलिमेन्ट्री स्कूलको लट्री आवेदन गर्ने मिति

प्यारेन्ट पोर्टल मार्फत स्वीकृत गरिने

**फेब्रुअरी १३ तारिक** एलिमेन्ट्री स्कूलको मेला (फेयर)

**थप जानकारीकालागि सि सि एसको वेबसाइटमा हेर्नुहोस्**

## किन्डरगार्टेनमा भर्ना गर्नकालागि नियुक्तिहरूको आवश्यक पर्दैन

**भर्ना गर्नकालागि अपोइन्टमेन्ट (नियुक्ति) को अब आवश्यक पर्दैन** तर सहायता चाहने परिवारहरूकालागि विकल्पका रूपमा अपोइन्टमेन्ट (नियुक्ति) हरू उपलब्ध छन्।

लेच्की/Latchkey (स्कूल अघिपछिको हेर्चाह) मा भर्नाकालागि "लेच्की (Latchkey) कार्यक्रम" अन्तर्गत अर्ली चाइल्डवुड एडुकेसनको वेबसाइट" https://www.ccsoh.us/Latchkey मा इमेल गर्नुहोस्।

फ्याक्टलाइन (FACTLine) को फोन नम्बर 614-221-3228 मा सम्पर्क गर्नुहोस् वा FACTLine@columbus.k12.oh.us मा इमेल गर्नुहोस्।

Revised 1/2024

**Office of Teaching and Learning**
**Division of Early Childhood Education**
430 Cleveland Avenue
Columbus, OH 43215
Ph. 614.365.5822
Fax 614.365.8749

COLUMBUS CITY SCHOOLS

*Mission: Each student is highly educated, prepared for leadership and service, and empowered for success as a citizen in a global community.*

# किन्डर्गार्टेनको
# खोप सम्बन्धि जानकारी

**किन्डरगार्टेन नजिकै आइपुगेको छ!** ओहायोको कानूनले सबै विद्यार्थीहरूलाई विद्यालयमा उपस्थित हुन कम्तिमा तल सूचीबद्ध खोपहरू लगाएको हुन आवश्यक छ। यदि तपाँईको विद्यार्थी सि सि एस पृ-स्कूलमा भर्ना भएको छ र अद्यावधिक गरिएको खोप लगाउन आवश्यक पर्छ भन्ने भए तपाँईले यो वसन्त (स्प्रिङ) पछि खोप रेफरल (खोप लगाउनु भन्ने चिठ्ठी) प्राप्त गर्नुहुनेछ। तपाँईले तल दिइएको चार्ट अनुसार उनीहरूको सबैभन्दा पछिल्लो (हालको) खोप (शट) बारे पनि हेर्न सक्नुहुन्छ।

**यदि तपाँईसँग कुनै प्रश्नहरू छ वा स्वास्थ्य सेवा प्राप्त गर्न मद्दत चाहिन्छ भने कृपया इ सि इ नर्सलाई** ECENURSES@columbus.k12.oh.us **मा सम्पर्क गर्नुहोस् वा अद्यावधिक गरिएको खोप रेकर्ड 614-365-8745 मा फ्याक्स गर्नुहोस्।**

| खोपहरू | स्कूलमा हाजिर हुन लगाइने खोपहरू |
|---|---|
| **DTaP/DT**<br>**Tdap/Td**<br>Diphtheria (भ्यागुते रोग), टिट्नस, & | **किन्डर्गार्टेन देखि कक्षा १२ सम्म:** DTaP वा DT का चार (४) वा बढी खुराक (डोज), वा कुनै पनि संयोजन वा समूह। यदि सबै चारै खुराकहरू ४औं जन्मदिन अघि दिइयो भने, पाँचौं (५) खुराक पनि दिन आवश्यक छ। यदि चौथो खुराक तेस्रो खुराकको कम्तिमा छ महिना पछि, र चौथो जन्मदिनमा वा पछि दिइयो भने, पाँचौं (५) खुराक आवश्यक पर्दैन।<br><br>**कक्षा ७ देखि १२ सम्म:** टि-ड्याप (Tdap) खोपको एक खुराक १० औं जन्मदिनमा वा पछि दिनुपर्छ। |
| **पोलियो** | **किन्डर्गार्टेन देखि कक्षा १२ सम्म:** आइ पि भि (IPV) को तीन (३) वा बढी खुराक दिइन्छ। पहिला जति वटै खुराक भए पनि अन्तिम खुराक ४ औं जन्मदिनमा वा पछि दिइनु पर्छ। केवल ट्राइभ्यालेन्ट ओ पि भि (टि-ओ पि भि) ले अमेरिकी खोप आवश्यकताहरूमा गन्ति हुन्छ। ४/१/२०१६ अघि दिइएका ओ पि भिका खुराकहरू गन्ति गरिनु पर्छ (विशेष रूपमा अभियानको क्रममा प्रशासित नभएसम्म) र ४/१/२०१६ पछिका खुराकहरू गन्ति हुँदैन। |
| **Measles**-दादुरा, **Mumps**-गल्फुलो, र **Rubella (MMR)** | **किन्डर्गार्टेन देखि कक्षा १२ सम्म:** दादुरा (Measles), गल्फुलो (Mumps), र Rubella (MMR) को दुई (२) खुराक दिइन्छ।। दोस्रो खुराक पहिलो खुराकको कम्तिमा २८ दिन पछि दिनुपर्छ (1)। *गणनाकालागि, दादुरा (Measles) र ठेउला (Varicella) कम्तिमा २८ दिनको फरकमा दुइटा एकै दिन दिइनु पर्छ। |
| **हेपटाइटिस बी**<br>कलेजोको रोग | **किन्डर्गार्टेन देखि कक्षा १२ सम्म:** हेपटाइटिस बी को तीन (३) खुराक दिइन्छ। दोस्रो खुराक पहिलो खुराकको कम्तिमा २८ दिन पछि दिनुपर्छ। तेस्रो खुराक पहिलो खुराकको कम्तिमा १६ हप्ता पछि र दोस्रो खुराक कम्तीमा ८ हप्ता पछि दिनुपर्छ। शृङ्खलाको अन्तिम खुराक (तेस्रो वा चौथो खुराक) २४ हप्ताको उमेर नपुगि वा पहिला दिनु हुँदैन। |
| **भेरिसेल्ला**-चिकेन पक्स-ठेउला | **किन्डर्गार्टेन देखि कक्षा १२ सम्म:** भेरिसेला भ्याक्सिनको दुई (२) खुराकहरू प्रवेश गर्नु अघि नै दिनुपर्छ। पहिलो (१) खुराक पहिलो जन्मदिन वा लगत्तै पछि दिनुपर्छ। मान्य मानिने दोस्रो खुराक पहिलो खुराकको कम्तिमा तीन (३) महिना पछि दिनुपर्छ यदि दोस्रो खुराक पहिलो खुराकको कम्तिमा २८ दिन पछि दिइएको भए,जुन मान्य मानिन्छ। |
| **MCV4**<br>मेनिन्गोकोकल | **कक्षा ७:** मेनिन्गोकोकल (सेरोग्रुप A, C, W र Y) को पहिलो (1) खुराक दिनु अघि, १०औं जन्मदिनमा वा पछि दिनुपर्छ।<br>**कक्षा १२:** MCV4 को दुई (२) खुराक दिइन्छ। खुराकहरू बीचको न्यूनतम अवधिको आठ हप्ताको अन्तरालमा दोस्रो खुराक १६ वर्षको उमेर वा त्यसपछि यदि पहिलो खुराक १६ औं जन्मदिनमा वा त्यसपछि दिइएको भए दोस्रो खुराक आवश्यक पर्दैन। |

सन्दर्भ (रेफरेन्स): http://www.odh.ohio.gov – खोप (इम्युनाजेसन्स) मा हेर्नुहोस्। यदि खोपहरू उचित अन्तरालहरूमा दिइएन भने सबै उमेर र खोप अन्तराल आवश्यकताहरू पूरा गर्न थप खुराकहरू आवश्यक पर्न सक्छ। ४ दिनको अनुग्रह अवधि (ग्रेस पेरियड) २८-दिन अन्तरालहरू बाहेक सबै उमेर र न्यूनतम अन्तरालहरूमा लागू हुन्छ।

The Columbus City School District does not discriminate based upon sex, race, color, national origin, religion, age, disability, sexual orientation, gender identity/expression, ancestry, familial status or military status with regard to admission, access, treatment or employment. This policy is applicable in all district programs and activities. Rev. 4/2023